# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, असोज ४ गते २०६१ साल (अतिरिक्ताङ्क २८

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा निम्नलिखित पुनरावेदन अदालतहरूका मुख्य न्यायाधीश पदमा देहायबमोजिम नियुक्ति गरिबक्सी पदस्थापनासमेत गरिबक्सेको छ।

१. पुनरावेदन अदालत, विराटनगरका न्यायाधीश श्री तपबहादुर मगरलाई पुनरावेदन अदालत, पाटनको मुख्य न्यायाधीश पदमा।

२. पुनरावेदन अदालत, दिपायलका न्यायाधीश श्री दामोदरप्रसाद शर्मालाई पुनरावेदन अदालत, राजविराजको मुख्य न्यायाधीश पदमा।

३ पुनरावेदन अदालत, सुर्खेतका न्यायाधीश श्री रामकुमारप्रसाद शाहलाई पुनरावेदन अदालत, नेपालगञ्जको मुख्य न्यायाधीश पदमा।

४ पुनरावेदन अदालत हेटौंडाका न्यायाधीश श्री कल्याण श्रेष्ठलाई पुनरावेदन अदालत, जुम्लाको मुख्य न्यायाधीश पदमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

मानननीय श्रम तथा यातायात व्यवस्था मन्त्री श्री रघुजी पन्त फिलिपिन्स सरकार तथा आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय संगठनको आयोजनामा फिलिपिन्सको राजधानी मनिलामा २०६१ असोज ६ गते देखि ८ गतेसम्म सञ्चालन हुने आप्रवासनसम्बन्धी मन्त्रीस्तरीय परामर्श बैठकमा भागलिन २०६१ साल असोज ४ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्थानीय विकास मन्त्री श्री युवराज ज्ञवालीले सम्हाल्नु हुनेछ।

हुकुम बक्सेबमोजिम,<br>मो. सु. पशुपतिभक्त महर्जन<br>श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।